**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST:18:40hrs** **Date:21.04.2024**

***Lok sabha elections***

लोकसभा चुनाउको दोस्रो चरणका लागि प्रचार अभियान तीव्र गतिमा भइरहेछ। यस चरणमा तेह्र राज्यहरूका अठासी वटा सीटहरूमा आगामी छब्बीस अप्रेलका दिन मतदान हुनेछ। आई एन डी आई ए गठबन्धन र रास्ट्रिय जनतान्त्रिक गठबन्धन NDA लगायत सबै राजनीतिक दलहरूका वरिस्ठ नेता र प्रमुख प्रचारकहरूले मतदाताहरूलाई लोभ्याउन देशभरि जनसभा र र्‍याली आयोजन गरिरहेछन्। यसै महीना छब्बीस तारिक दोस्रो चरणमा केरलाका बीस सीट, कर्नाटकका चौध, राजस्थानको तेह्र, उत्तर प्रदेश र महारास्ट्रका आठ आठ, मध्य प्रदेशको सात, असम र विहारका पाँच पाँच, पश्चिम बंगाल र छत्तीसगढ़का तीन तीन अनि त्रिपुरा र जम्मु काश्मीरमा एक एक सीटका लागि भोट हालिनेछ। यसैवीच पश्चिम बंगालका तीन सीटहरूको दार्जीलिङ संसदीय समस्टि पनि सामेल छन्।

दार्जीलिङ संसदीय सीटको चुनाउकी लागि पनि चुनाउ प्रचार चरनमा पुगेको छ। हाम्रा खरसाङ सम्वाददाता अनुसार भारतीय जनता पार्टीको पक्षमा आज दार्जीलिङमा पार्टीका वरिस्ठ नेता तथा केन्द्रीय गृह मन्त्री श्री अमित शाहको र्‍याली थियो खराब मौसमले गर्दा हेलिकप्टर अवकरण गर्न नसके तापनि उहाँले फोन मार्फत जनतालाई सम्वोधन गर्नुभयो। श्री शाहले भन्नुभयो भारतीय सम्विधानको परिधि अधिन रहेर गोर्खा समुदायलाई न्याय दिइयो। भारतीय जनता पार्टीका नेताले छुटेका एघार जात गोस्ठीलाई अनुसूचित जनजीतिके मान्यता दिइने विषय सम्वन्धमा पनि विचार भइरहेको कुरो बताउनुभयो। समरण रहोस दार्जीलिङको लोकसभा सीटका लागि जम्मा चौधजना उम्म्दवारहरू चुनाउ मैदानमा छन्। स्मरण रहोस तृणमूल काँग्रेसको चिन्हमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले श्री गोपाल लामालाई खड़ा गरेको छ भने भारतीय जनता पार्टीले श्री राजु विस्टलाई दोस्रो पल्ट आफ्नो उम्मेदवार बनाएको छ। अर्कातिर काँग्रेस पार्टीका प्रत्याशी डा. मुनिश तामाङ हुनुहुन्छ।

---

***Mahavir jayanti***

आज महावीर जयन्ती हो। यस अवसरमा रास्ट्रपति द्रौपदी मुर्मुले देशका नागरिकहरू विशेष गरी जैन समुदायलाई बधाई दिनुभएको छ। एउटा सन्देशमा उहाँले भन्नुभएको छ महावीर जयन्ती अहिंसा र करूणाका प्रतीक भगवान महावीरका शिक्षाहरूको प्रतीक हो अनि यस पर्वले हामीलाई प्रेम र शान्तिको सन्देश दिन्छ। रास्ट्रपतिले भन्नुभएको छ भगवान महावीरले एक आर्दश र सौम्य समाजको निर्माणका लागि अहिंसा, ब्रहमाचार्य सत्य र त्यागको मार्ग खुल्ला गर्नुभयो। श्रीमती मुर्मुले भन्नुभएको छ भगवान महावीरको शिक्षा मानव कल्याणका लागि सर्वदा प्रासंसिक रहनेछ। रास्ट्रपतिले भन्नुभएको छ यस अवसरमा हामीले समाजमा प्रेम र सद्भावको प्रसार र रास्ट्रको विकासका लागि समपिर्त भावले कार्य गर्ने संकल्प लिनुपर्छ। उपरास्ट्रपति जगदीप धनखड़ले पनि महावीर जयन्तीको शुभकामना दिनुभएको छ। उहाँले भन्नुभएको छ भगवान महावीरले हामीलाई शान्तिपूर्ण, सौहार्दपूर्ण र समृध्द समाजको निर्माणको मार्ग देखाउनुभयो।

***Mahavir jayanti PM***

प्रधानमन्त्री श्री रनेन्द्र मोदीले पनि महावीर जयन्तीको शुभकामना दिँदै आफ्नो सन्देशमा भन्नुभएको छ शान्ती, संयम र सदभावनाको प्रतीक भगवान महावीरको सन्देश विकसित भारतको निर्माणमा प्रेरणा पुञ्ज हुन्। यसैवीच प्रधानमन्त्रीले आज नयाँ दिल्लीको भारत मंडपंममा भागवान महावीरको दुइ हजार पांचसय पचासौं निर्वाण महोत्सवको उद्घाटन गर्नुभयो। यस अवसरमा उहाँले एउटा स्मारक सिक्का र डाक टिकट पनि जारी गर्नुभयो।

श्री मोदीले भन्नुभयो भारत विश्वको प्राचीनता जीवन्त सभ्यता हुनका साथै यो मानवताको अश्र्यस्थल पनि हो। उहाँले भन्नुभयो भारतीय चिन्तन आफ्नो लागि मात्र नभएर सर्वजनहिताय हुन्छ। प्रधानमन्त्रीले भन्नुभयो अहिले भारतले पूर्ण आत्मविश्वासका साथ विश्वभरि सत्य र अहिंसालाई प्रोत्साहित गरिरहेछ। श्री मोदीले भन्नुभयो विश्वका कैयौं देशहरू संघर्षरत र युध्दरत रहेको समयमा भारतका तीर्थाङकहरूको शिक्षा अझै अधिक महत्वपूर्ण भएको छ। उहँले भन्नुभयो आज विश्वले विश्व शान्तिका लागि भारतलाई हेरिरहेछ। प्रधानमन्त्रीले भन्नुभयो नयाँ भारतको यो नयाँ भूमिकाको श्रेय हार्मो बढ्दो क्षमता र विदेश नीतिलाई जान्छ। उहाँले भन्नुभयो भगवान महावीरप्रति युवा पीढीको समर्पण र अकषर्णले देश सही दिशामा बढ़िरहेको छ भन्ने विश्वास उत्पन्न हुन्छ। यस अवसरमा बोल्दै केन्द्रीय संस्कृति मन्त्री श्री अर्जुन राम मेघावलले भन्नुभयो भगवान महावीरको दर्शन आज पनि प्रासंसिक छ। उहाँले भन्नुभयो 'बाँच अनि बाँच्न देऊ' सिध्दान्त आज पनि महत्वपूर्ण र सामयिक छ।

---

***UGC NET registration***

विश्वविद्यालय अनुदान आयोग UGC को यसै वर्ष सोह्र जूनमा हुने रास्ट्रिय परीक्षा एजेन्सी NTA को वेबसाइटमा पञ्जीकरण आरम्भ भएको छ। पञ्जीकरण दस मईसम्म गर्न सकिनेछ। शुल्क जम्मा गर्ने अन्तिम मिति बाह्र मई हो। नेट परीक्षा उत्रीर्ण भएमा जूनियर रिसर्च फेलोशिप दिइन्छ र सहायक प्रोफेसरको पदमा नियुक्तिको पात्रमा हासिल हुन्छ। यसै परीक्षाको आधारमा तिरासी विषयहरूमा पीएचडी मा प्रवेश पाइन्छ।
यस परीक्षाका लागि एक मात्र आवेदन भर्ने अनुमति छ। विश्वविद्यालय अनुदान भर्ने उम्मेदवारहरू विरूध्द कड़ा कार्रवाई गरिनेछ।